नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भद्रपुर, झापा

☎ 023-452125,452166
Website : daojhapa.moha.gov.np
Email daojhapa@moha.gov.np, dao.jhapa@gmail.com

## राष्ट्रिय परिचय पत्र तथा राहदानी सेवाका सेवाग्राहीको हितमा जारी सूचना।

यस जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुँदै आएको राष्ट्रिय परिचयपत्र तथा राहदानी सेवामा सेवाग्राहीहरूको अत्यधिक चाप र उपलब्ध जनशक्ति तथा स्रोतसाधनको सीमितताका बाबजुद पनि नागरिकलाई छिटोछरितो र प्रभावकारी सेवा प्रदान गर्न यस कार्यालय सदैव प्रतिबद्ध छ।

अनलाइन फाराम भरी बायोमेट्रिक तथा अन्य प्रक्रियाका लागि लामो समयदेखि पालो (Date) पर्खिरहनुभएका सेवाग्राहीहरूको सहजता र सुविधालाई मध्यनजर गर्दै यस कार्यालयले **"शून्य बाँकी आवेदन (Zeroing the Backlog) अभियान"** सञ्चालनमा ल्याएको छ।

तसर्थ, हालसम्म अनलाइन आवेदन दिई सेवाको प्रतीक्षामा रहनुभएका सम्पूर्ण सेवाग्राहीहरूलाई आफ्ना आवश्यक सक्कल कागजातहरू सहित तपशीलको विस्तारित समय तालिका बमोजिम कार्यालयमा उपस्थित भई सेवा लिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

### विस्तारित सेवा प्रवाहको समयतालिका

अभियान सञ्चालन अवधि: २०८३ साल असोज १५ गतेसम्म।

सेवा सञ्चालन हुने दिन: सार्वजनिक बिदाका दिनहरूमा समेत निरन्तर सेवा प्रवाह हुने।

विस्तारित कार्यालय समय: बिहान ०७:०० बजेदेखि बेलुकी ०६:०० बजेसम्म।

### पेश गर्नुपर्ने आवश्यक कागजातहरु

| राष्ट्रिय परिचय पत्रका लागि आवश्यक कागजातहरु | राहदानीका लागि आवश्यक कागजातहरु |
|---|---|
| १. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति।<br>२. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएको हकमा विवाह दर्ता प्रमाणपत्रको सक्कल प्रति।<br>३. आवश्यकता अनुसार बसाइँसराई दर्ता प्रमाणपत्रको सक्कल प्रति। | १. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति।<br>२. राष्ट्रिय परिचय पत्रको विवरण भएको दर्ता कागजात/राष्ट्रिय परिचय पत्र कार्ड<br>३. आवश्यकता अनुसार बसाइँसराई दर्ता प्रमाणपत्रको सक्कल प्रति। |

०८३।५।२६

प्रमुख जिल्ला अधिकारी